श्री सर्वोच्च अदालत

सर्वोच्च अदालत काठमाडौं

सर्वोच्च अदालत, संयुक्त इजलास
मानवीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई

## आदेश

०७२-RE-०२६२

**मुद्दाः- जबरजस्ती करणी।**

| | | |
|---|---|---|
| धिरज तामाङ्गको कानुन व्यवसायी अधिवक्ता बिमला यादव | -------------------१ | निवेदक प्रतिवादी |

विरूद्ध

| | | |
|---|---|---|
| नेपाल सरकार | -------------------१ | विपक्षी वादी |

काठमाडौं जिल्ला अदालतको मिति २०७२/११/११ को आदेश र पुनरावेदन अदालत पाटनको मिति २०७२/१२/२६ को आदेश बदर गरिपाऊँ भनी अ.बं.१७ नं. अन्तर्गत परेको निवेदनको सन्दर्भमा प्राप्त कैफियत प्रतिवेदनको बेहोरा पेश भई नाबालक प्रतिवादी धिरज तामाङको हकमा कानुन व्यवसायी अधिवक्ता श्री सूर्यबहादुर पाण्डेले गर्नुभएको बहस सुनी मिसिल समेत अध्ययन गरियो।

यसमा निवेदक प्रतिवादी धिरज तामाङ्गउपर जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा निज पक्राउ परेपछि निजका कानुन व्यवसायी समेतले अनुसन्धानको क्रममा तयार गरिएका कागजातको नक्कल माग गरेको अवस्थामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७२/११/११ मा आदेश हुँदा प्रस्तुत मुद्दा अदालतमा दर्ता नभई अनुसन्धानकै क्रममा रहेको र बन्द इजलासबाट हेरिने मुद्दा भएको हुँदा जिल्ला अदालत नियमावली, २०५२ को नियम ४६(ख) को व्यवस्था समेतको आधारबाट अहिले नै निवेदन मागबमोजिम नक्कल दिन मिल्नेन भनी आदेश भएको पाइयो। उक्त आदेशउपर निवेदकको हकमा अ.बं.१७ नं. अन्तर्गत निवेदन परेकोमा पुनरावेदन अदालत पाटनबाट मिति २०७२/१२/२६ मा आदेश हुँदा काठमाडौं जिल्ला अदालतबाट मिति २०७२/११/१८ मा नक्कल पाउने गरी आदेश भएकोले काठमाडौं जिल्ला अदालतको पूर्व आदेशको विषयमा केहि बोलिरहनु परेन भनी आदेश भएको देखिन्छ।

निवेदकले मूलतः अनुसन्धानको क्रममा तयार रहेका लिखतको नक्कलको माग गरेको अवस्था देखिन्छ। नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी हक प्रत्याभूत गर्दै सोको उपधारा (२) मा पक्राउ परेको व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने, त्यस्तैगरी उपधारा (८) मा

आफूविरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक प्रत्याभूत गरिएको देखिन्छ। मुद्दाको अनुसन्धानको क्रममा तयार भएका लिखत कागजातको जानकारी सम्बन्धित पक्ष वा निजका कानून व्यवसायीलाई नदिइएमा अनुसन्धानको अवधिमा सार्थक प्रतिरक्षामा अवरोध पैदा हुने र संविधानको धारा २०(९) मा उल्लिखित स्वच्छ सुनुवाइको सुनिश्चितता नहुने अवस्था समेत रहन जान्छ। निवेदक वर्ष १५ को नाबालक देखिएको र बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १९ ले समेत बालबालिकाको मुद्दामा कानून व्यवसायीको प्रतिनिधित्व नभई मुद्दाको कारबाही किनारा गर्न नहुने भनी प्रष्ट किटानी व्यवस्थासमेत गरेको देखिन्छ। अनुसन्धानको सिलसिलामा तयार भएका लिखतको जानकारी पक्ष वा निजका कानून व्यवसायीलाई नदिएमा मुद्दाको प्रतिनिधित्व र प्रतिरक्षा अर्थपूर्णरूपमा हुन नसकी स्वच्छ सुनुवाइको सुनिश्चिततासमेत नहुने अवस्था पर्न आउँछ।

कुनै व्यक्तिलाई पक्राउ गर्ने तर पक्राउको कारण नभन्ने, पक्राउ गरी थुनामा राख्ने तर निज विरुद्ध खडा भएको कागजहरू हेर्न नदिने कुरा नेपालको संविधान र कानूनद्वारा प्रत्याभूत हकको शब्द, भावना र मर्म अनुरुप हुने देखिँदैन।

तसर्थ, काठमाडौं जिल्ला अदालतले मिति २०७२/११/११ मा गरेको आदेश र सोलाई सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२/१२/२६ को आदेश मिलेको देखिन आएन। तर निवेदकले अहिलेको अवस्थामा नक्कल प्राप्त गरिसकेको देखिँदा उक्त आदेशलाई प्रस्तुत मुद्दाको रोहमा बदर गरिहाल्नु पर्ने अवस्था देखिएन।

तर यस्तो अवस्था मुद्दाको तहकिकात अनुसन्धानको क्रममा अन्य मुद्दाहरूमा समेत बरोबर आई पर्न सक्ने हुँदा एउटा स्थायी व्यवस्था आवश्यक भएको सन्दर्भमा अब उप्रान्त अनुसन्धानमा तयार भएका लिखतको जानकारी सम्बन्धित पक्षले उचित र मनासिब समयमा पाउने गरी, साथसाथै अनुसन्धानका कार्यमा अनुचित हस्तक्षेप नहुने गरी आवश्यक र उपयुक्त व्यवस्था मिलाउनु वाञ्छनीय देखिन्छ। यस परिप्रेक्ष्यमा मिसिल साथ अनुसन्धानको क्रममा रहेका सबैखाले मुद्दामा संलग्न भएका कागजातको नक्कल दिने व्यवस्था मिलाउन काठमाडौं जिल्ला अदालत तथा पुनरावेदन अदालत पाटनको नाममा यो आदेशद्वारा निर्देशन दिइएको छ। कानूनबमोजिम गर्नुहोला।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७३ माघ १४ गते रोज ६ शुभम् ---------------------------------------।